केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०३/०६९/७० मितिः २०६९/०६/१६

# सूचना

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस बैंकको संचालक समितिले बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८ मा देहाय बमोजिम संशोधन गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) उक्त विनियमावलीको विनियम ४ को सट्टा देहायको विनियम ४ राखिएको छः-

४. योग्यता : (१) गाभ्ने वा गाभिने कार्यका लागि राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त गरेका "क","ख" र "ग" वर्गका बैङ्क तथा वित्तीय संस्था योग्य हुनेछन् ।

(२) सर्वसाधारणमा शेयर जारी गरिसकेका इजाजतपत्रप्राप्त संस्था र सर्वसाधारणमा शेयर जारी गरिनसकेका इजाजतपत्रप्राप्त संस्थाहरु समेत एक आपसमा गाभ्न गाभिन योग्य मानिने छन् ।

तर गाभिएपछिको इजाजतपत्रप्राप्त संस्थाको कुल जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणमा बिक्री वितरण नभएको अवस्थामा त्यस्तो नपुग अंश सर्वसाधारणमा जारी गर्ने व्यवस्था सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले मिलाउनु पर्नेछ ।

(३) "घ" वर्गका वित्तीय संस्था सोही वर्गको संस्थासँग मात्र गाभिन सक्ने छन् ।

(ख) उक्त विनियमावलीको विनियम ७ को उपविनियम (१) को सट्टा देहायको उपविनियम (१) राखिएको छः-

(१) राष्ट्र बैङ्कबाट सैद्धान्तिक सहमति प्राप्त भएपछि गाभ्न वा गाभिन चाहने इजाजतपत्रप्राप्त संस्थाले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गर्न आ-आफ्नो साधारण सभाबाट निर्णय गरी नियुक्त गरिएको वा साधारण सभाले अख्तियारी दिएबमोजिम संचालक समितिले नियुक्त गरेको मूल्याङ्कनकर्ताबाट सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ । राष्ट्र बैंकले आवश्यकता ठानेमा थप अवधिको मूल्याङ्कनका लागि समेत निर्देशन दिन सक्नेछ ।

तर एक आपसमा गाभ्न गाभिन इच्छुक इजाजतपत्रप्राप्त संस्थाले सैद्धान्तिक सहमतिका लागि राष्ट्र बैंकमा निवेदन दिनु पूर्व समेत आवश्यकता अनुसार सम्पत्ति दायित्वको मूल्याङ्कन गर्न सक्नेछन् ।

....................
(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक